# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २७७ | काठमाडौं | बिहीबार, २२ माघ २०८२ | Prabhab National Daily | Thursday, 05 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


अंक राखेर आकर्षक बनाइँदै चुनावी घोषणापत्र

## कांग्रेसको भिजन-१०, एमालेको ग्यारेन्टी-२०, रास्वपाको पाँच पिलर

■ प्रभाव संवाददाता

- यसअघि लामो र पट्यारलाग्दो घोषणापत्र सार्वजनिक गर्दै आएको कांग्रेसले स्मरणयोग्य बनाउन भिजन-१० ल्याउन लागेको जनाएको छ ।
- एमाले उपाध्यक्ष रामबहादुर थापाले बुधबार पार्टीको घोषणापत्रमा ग्यारेन्टी २० समेटिने जनाएका छन् ।
- राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो वाचापत्रमा मुख्य गरी पाँचवटा पिलर रहने जनाएको छ ।

**काठमाडौं–** फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि दलहरूले धमाधम घोषणपत्र तयार गर्दैछन् । यसपटक शीर्ष दलहरूले घोषणपत्र छोटो र सम्झनलायक बनाउने प्रयास गरिरहेको देखिन्छ ।

घोषणपत्रलाई अंकसँग खेलेर चुस्त बनाउने प्रयास गरिएको छ । कांग्रेसले माघको अन्तिम साता घोषणापत्र ल्याउने तयारी गरेको प्रवक्ता देवराज चालिसेले बताए । यसका लागि विज्ञहरूसँग छलफल गरिरहेको चालिसेले बताए । 'कांग्रेस माघको अन्तिम साता घोषणापत्र ल्याउने तयारीमा छ,' प्रवक्ता चालिसेले भने ।

कांग्रेसले यसअघि नै घोषणापत्रको प्रारूप 'भिजन-१० ' ल्याउने जनाइसकेको छ । विकासका १० एजेन्डालाई प्राथमिकतामा राखेर कांग्रेसले आफ्नो घोषणपत्र ल्याउन लागेको कांग्रेस महामन्त्री प्रदीप पौडेलले बताए । 'नागरिकको अपेक्षाअनुसार देश बदल्ने यात्रामा प्रमुख १० प्राथमिकता तय गरेर हामी अघि बढ्दैछौं,' महामन्त्री पौडेलले भने ।

यसअघि लामो र पटचारलाग्दो घोषणापत्र सार्वजनिक गर्दै आएको कांग्रेसले स्मरणयोग्य बनाउन भिजन १० ल्याउन लागेको जनाएको छ । सभापति गगन थापाको नेतृत्वमा कांग्रेसले घोषणापत्र लेखिरहेको छ । अघिल्लोपटक हाइटेक घोषणापत्र जारी गरेको एमालेले यसपटक पनि यसैमा केही अपडेट गर्ने जनाएको छ । यता नेकपा एमालेले पनि यसपटक अंकलाई आधार बनाएर घोषणापत्र ल्याउने तयारी गरेको छ ।

एमाले उपाध्यक्ष रामबहादुर थापाले बुधबार पार्टीको घोषणापत्रमा ग्यारेन्टी २० समेटिने जनाएका छन् । '२० ग्यारेन्टी भन्ने कुरा हाम्रो आउँदैछ,' उपाध्यक्ष थापाले भने । एमालेले फागुन पहिलो हप्ता घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेको छ । २०७९ को निर्वाचनमा एमालेले वाचापत्र सार्वजनिक गर्दै ग्यारेन्टी २० ल्याएको थियो ।

यी ग्यारेन्टीमा 'कोही भोकै पर्दैन, भोकले कोही मर्दैन' को नीति कार्यान्वयन गर्ने, स्वदेशी उत्पादन र स्वदेशी उपभोगका लागि 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने, सबैका लागि काम र नियमित कमाइको सुनिश्चितता गर्ने, वर्षायाममा मासिक ५० युनिट र हिउँदमा ३० युनिट विद्युत निशुल्क, प्रतिव्यक्ति आय दोब्बर गर्ने जस्ता ग्यारेन्टी समेटिएका थिए । एमालेले ल्याएको वाचापत्र कुनै पनि पुरा भने भएको छैन । पूर्ण समय सरकारमा बस्न नपाउँदा वाचापत्र पुरा गर्न नसकेको एमाले उपाध्यक्ष थापाले बताए । एमालेले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा घोषणापत्र लेखिरहेको छ ।

यता राष्ट्रिय स्वतन्त्र पार्टीले पनि आफ्नो घोषणापत्रमा अंकलाई नै आधार बनाएर वाचापत्र ल्याउने तयारी गरेको छ । उपसभापति स्वर्णिम वाग्लेको संयोजनमा बनिरहेको वाचापत्रमा मुख्य गरी पाँचवटा पिलर रहने जनाइएको छ । विशेषगरी जेन-जी आन्दोलनमा भएका मागलाई पनि रास्वपाले सम्बोधन गर्ने गरी वाचापत्र बनाइरहेको उपसभापति वाग्लेले बताए । 'जेन-जी र सरकारबीच सम्झौता भएको छ । त्यसको अक्षरशः सम्बोधनका लागि वाचापत्र प्रतिबद्ध रहने छ । योसँग वाचापत्रका मुख्य पाँचवटा पिलर रहनेछन्,' वाग्लेले भने ।

पहिलो पिलरका रूपमा भ्रष्टाचार न्यूनीकरण र सुशासन रहेको वाग्लेले बताए । दोस्रो पिलरका रूपमा गतिशील अर्थतन्त्रमा जोड दिइएको छ ।

क्रमशः पृष्ठ २ मा

## निर्वाचनबारे एमाले-नेकपा सशंकित, 'एकै चरणमा हुनुपर्छ'

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभा निर्वाचन दुई चरणमा गर्न सकिने प्रधानमन्त्री सुशीला कार्कीको भनाइप्रति दुई ठूला कम्युनिस्ट पार्टीले असहमति जनाएका छन् । नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीले बुधबार प्रधानमन्त्रीको अभिव्यक्तिले निर्वाचन प्रक्रियामाथि नै आशंका पैदा गरेको दाबी गर्दै एकै चरणमा निर्वाचन हुनुपर्ने बताएका छन् ।

निर्वाचन आयोगले तोकेको मितिमा र घोषित कार्यतालिकाअनुसार देशभर एकसाथ निर्वाचन हुनुपर्ने भन्दै दुई दलका नेताहरूले निर्वाचनको निष्पक्षता, विश्वसनीयता र राजनीतिक स्थायित्वमा प्रश्न उठ्न सक्ने चेतावनी दिएका छन् ।

नेकपा संयोजक पुष्पकमल दाहालले बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा दुई चरणमा कुनै पनि हालतमा निर्वाचन नगर्न चेतावनी दिए । 'चुनाव हुन्छ नै । २१ फागुनमै हुन्छ । म सरकारलाई पनि के सुझाव राख्न चाहन्छु भने दुई चरण भनेर नगरियोस्, चुनाव एकै चरणमा होस्,' दाहालले भने ।

दाहालले देशभर एकैपटक निर्वाचन भए त्यसको निष्पक्षता, स्वच्छता हुने बताए । एकैपटक निर्वाचन गर्दा खर्च कम हुने पनि उनको तर्क छ ।

नेकपा एमालेका सचिव महेश बस्नेतले सरकारले दुई चरणमा निर्वाचन गरेर षडयन्त्र रच्न खोजेको आरोप लगाएका छन् । बुधबार काठमाडौं उपत्यकाका सूर्य चिन्हका उम्मेदवारसँग संवाद कार्यक्रममा बोल्दै सचिव बस्नेतले राष्ट्रिय सभामा प्रधानमन्त्रीको सम्बोधनपश्चात निर्वाचनमा षडयन्त्र गर्न खोजेको आरोप लगाएका हुन् ।

रास्वपाबारे लक्षित गर्दै उनले कसैको एजेण्डा स्थापित गर्न सरकार माध्यम बन्न लागेको कडा टिप्पणी गरे । हिमाली जिल्लामा अहिले निर्वाचन सम्भव छैन भन्ने देखाएर सरकारले नै मतपेटिका राखेर चलखेल गर्ने, गम्भीर धाँधली गर्ने तयारीमा रहेको बस्नेतले आरोप लगाए । 'निर्वाचन कसैको एजेण्डालाई स्थापित गरी दिनका लागि, कसैलाई चुनाव जिताइ दिनका लागि सरकार माध्यम बन्न खोजेको जस्तो देखिँदैछ,' उनले भने, 'अझ पछिल्लो समय हामी त के सुन्दैछौँ भने यो निर्वाचन दुई चरणमा गर्ने, चैतको अन्तिमतिर या वैशाखतिर हिमाली जिल्लामा गर्ने, अहिले सम्भव छैन भनेर सारेर त्यो त्यो दौरानमा प्रहरी र सेनाका ब्यारेकहरूमा मतपेटिकाहरू राख्ने, र त्यो आधारमा क-कसलाई जिताउनुपर्ने ? क-कसलाई हराउनुपर्ने ? हिसातकिताब गर्ने भन्ने तहको षड्यन्त्रमा स्वयं सरकार संलग्न छ भन्ने कुरा देखिन्छ ।' उनले निर्वाचन दुई चरणमा गर्ने भनेर सरकारले गम्भीर धाँधली गर्न खोजेको आशंका भएको पनि बताए ।

प्रधानमन्त्री सुशीला कार्कीले उच्च पहाडी तथा हिमाली क्षेत्रमा मौसमी प्रतिकूलताका कारण फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन प्रभावित हुन सक्ने संकेत गरेकी थिइन् । उनले मौसम अत्यन्तै खराब भएमा मतदान गराउन वैकल्पिक उपाय अपनाउन सकिने भनेकी हुन् ।

उनका अनुसार कठिन भूभागमा सवारी साधन प्रयोग गरी मतदातालाई मतदान केन्द्रसम्म पुऱ्याउने व्यवस्था गर्न सकिन्छ । यदि त्यो पनि सम्भव नभए, त्यस्ता स्थानमा अर्को चरणमा निर्वाचन गराउन सकिने विकल्प खुला रहेको उनको भनाइ थियो ।

मंगलबार पूर्वी नवलपरासीको हात्तिखोरस्थित नेपाली सेनाको ब्यारेकमा राष्ट्रिय सेवादल (एनसिसी) द्वारा आयोजित विद्यार्थीहरूको तालिम समापन समारोहमा पुगेकी प्रधानमन्त्री कार्कीले भनेकी थिइन्, 'अत्यधिक चिसोले सक्दै नसक्ने अवस्था आइहाल्यो भने दोस्रो चरणमा हुन्छ ।'

निर्वाचन हुनेमा भने शंका नगर्न उनको आग्रह थियो । 'देशमा स्थायित्व र शान्ति कायम गर्न यो निर्वाचन कोसेढुंगा हुनेछ । यो निर्वाचन सर्दै सर्दैन । निर्वाचन तोकिएकै समयमा हुन्छ,' उनको भनाइ थियो । तर, मौसमको कारण देखाउँदै दुई चरणमा निर्वाचन हुने भनिँदा खासगरी एमाले र नेकपाले आशंका गरेका हुन् ।

राजनीतिक विश्लेषक डा. तारानाथ घिमिरेका अनुसार दुई चरणमा निर्वाचन गर्दा वा लामो समय निर्वाचन गर्दा पहिलो चरणमा पहिलो हुने दलको पक्षमा माहोल स्वतः बन्छ र निर्वाचन जित्न सहज हुन्छ ।

क्रमशः पृष्ठ २ मा







> अत्यधिक चिसोले सक्दै नसक्ने अवस्था आइहाल्यो भने हिमाली क्षेत्रमा दोस्रो चरणमा हुन्छ ।
>
> **सुशीला कार्की**, प्रधानमन्त्री

> चुनाव हुन्छ नै । २१ फागुनमै हुन्छ । म सरकारलाई पनि के सुझाव राख्न चाहन्छु भने दुई चरण भनेर नगरियोस्, चुनाव एकै चरणमा होस् ।
>
> **पुष्पकमल दाहाल**, संयोजक, नेकपा

> अझ पछिल्लो समय हामी त के सुन्दैछौँ भने यो निर्वाचन दुई चरणमा गर्ने, चैतको अन्तिमतिर या वैशाखतिर हिमाली जिल्लामा गर्ने, अहिले सम्भव छैन भनेर सारेर त्यो दौरानमा प्रहरी र सेनाका ब्यारेकहरूमा मतपेटिकाहरु राख्ने, र त्यो आधारमा क-कसलाई जिताउनुपर्ने ? क-कसलाई हराउनुपर्ने ? हिसातकिताब गर्ने भन्ने तहको षड्यन्त्रामा स्वयं सरकार संलग्न छ भन्ने कुरा देखिन्छ ।
>
> **महेश बस्नेत**, सचिव, नेकपा एमाले

सन्दर्भः वैदेशिक रोजगार

'फ्रि-भिसा, फ्रि-टिकट' खारेजीको तयारी

## व्यवसायी उत्साहित, विज्ञको विरोध



> यो अन्यन्तै स्वागतयोग्य छ । यो व्यवसायीको लागि होइन श्रमिकको लागि चाल्न खाजेको महत्वपूर्ण कदम हो । यसले श्रमिकलाई, मुलुकलाई र व्यवसायी सबै पक्षलाई फाइदा हुन्छ । व्यवसायीहरु पारदर्शी हुन चाहेका छन् । सरकारले यो प्रावधान हटायो भने वैदेशिक रोजगार क्षेत्र परदर्शी हुन्छ ।
>
> **महेशकुमार बस्नेत**, महासचिव, नेपाल वैदेशिक रोजगाार व्यवसायी संघ



> विगतमा दलका नेताले श्रमिकलाई, गरिबलाई राम्रो गरेनन् भनेरै हालको सरकार बनेको हो । पहिलाभन्दा गज्जब सुधार गर्छु भन्दै आउनुभएको मन्त्रीले यसो भन्नु दुर्भाग्यपूर्ण हो । खुरूखुरू गरिबका बच्चाले पैसा तिर्छन्-जान्छन्, उनीहरूको दबाबमूलक भोइस हुँदैन भन्ने हिसाबले खारेज गर्ने तयारी गर्नुभयो ।
>
> **रामेश्वर नेपाल**, श्रम आप्रवासन विज्ञ

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले 'फ्रि-भिसा, फ्रि-टिकट'को प्रावधान खारेज गर्ने तयारी गरेसँगै व्यवसायी उत्साहित भएका छन् । विगतदेखि उठाउँदै आएको समस्या समाधान हुने संकेत देखिएपछि वैदेशिक रोजगार व्यवसायीहरू उत्साहित बन्दा श्रम विद्ले भने उक्त निर्णयलाई दुर्भाग्यपूर्ण भनेका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले मंगलबार एक कार्यक्रममा फ्रि-भिसा, फ्रि-टिकटको प्रावधान अव्यवहारिक भएकाले खारेज गर्न मन्त्रलयले गृहकार्य गर्ने बताएका थिए । उक्त प्रावधान लोकप्रिय देखिए पनि अव्यवहारिक भएको भण्डारीले बताएका थिए । राजश्व चुहावटदेखि श्रमिकलाई थप समस्यामा पारेकाले उक्त प्रावधान खारेज गर्न अब डराउन नहुने मन्त्री भण्डारीको भनाइ थियो ।

मन्त्रालयले यसका लागि अध्ययनसमेत थालिसकेको जनाइएको छ । आन्तरिक रूपमा यसका विविध पक्षमाथिको अध्ययन भइरहेकाले त्यसको निष्कर्ष बमोजिम अघि बढ्ने मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए ।

'यो पोलिसी लागू भएको १० वर्ष भइसक्यो । सामान्यतय १० वर्षमा यस्ता पोलिसिहरू कत्तिको प्रभावकारी भयो भनेर अध्ययन गरिन्छ । मन्त्रालयले अध्ययन थालिसकेको छ,' घिमिरेले भने, 'अध्ययनले जे भन्छ त्यहीअनुसार प्रक्रिया अगाडि बढाउछौं । मन्त्रीज्यूले पनि यो प्रावधान श्रमिकमैत्री भयो कि भएन एकचोटि रिभिजिट गर्ने भन्नुभएको छ ।'

### 'पुनर्विचार स्वागतयोग्य'

तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले २०७२ असार २१ गते प्रमुख सात गन्तव्य...

क्रमशः पृष्ठ २ मा

## लालमणीको परिवारलाई मलेसियन कम्पनीको राहत




**काठमाडौं(प्रस)–** रोजगारीको सिलसिलामा मलेसियास्थित एक कम्पनीको कार्यस्थलमै ज्यान गुमाएका लालमणी बस्नेतको परिवारलाई राहत रकम उपलब्ध गराएको छ । बस्नेत कार्यरत फ्रेटवाच सेक्युरिटी सर्भिसेज कम्पनीको प्रतिनिधिले बुधबार काठमाडौंमा राहत रकम हस्तान्तरण गरेको हो ।

मृतक बस्नेतकी श्रीमती आरती बस्नेतलाई राहतस्वरूप २५ हजार मलेसियन रिङ्गीट (करिब नौ लाख नेपाली रूपैयाँ) प्रदान गरिएको कम्पनीले जनाएको छ । बस्नेतलाई पठाउने संस्था आरए इन्टरनेसनल इम्प्लोइमेन्ट एजेन्सी प्रालि (१४०४/०७४/७५) को खातामा रकम पठाएपछि चेक हस्तान्तरण गर्न कम्पनीका प्रतिनिधि काठमाडौं आइपुगेका हुन् ।

दाङको नयनपुर-४ का बस्नेत सुरक्षा गार्डमा काम गर्न मलेसिया गएको चार वर्ष भएको थियो । टाउकोमा गम्भीर चोट लागेपछि गत मंसिर १० गते लालमणीको निधन भएको थियो । मृतक बस्नेतका एक छोरा र एक छोरी छन् ।

## कांग्रेस बदल्ने गगनका '८ घोषणा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापाले बदलिएको कांग्रेस अनुहार मात्रै फेरिएको पार्टी नभएको स्पष्ट पारेका छन् । बदलिएको कांग्रेसमा विचार, शैली र प्राथमिकतामा नै आमूल परिवर्तन गरिएको थापाले बताए ।

'हामी नयाँ कांग्रेस लिएर आएका छौं । यो हिजोका सबै नेता खराब र आजका सबै नयाँ असल भन्ने अर्थमा होइन । यो नयाँ सोच, नयाँ शैली र कोर भ्यालुको पुनर्जागरण हो,' उनले बुधबार एक भिडियो सन्देशमा भने । उनका अनुसार लोकतन्त्र, सामाजिक न्याय, विविधता कांग्रेसका आत्मा र जरा हुन्, जसलाई अझ गहिरो बनाउँदै नयाँ तरिकाले कार्यान्वयन गरिनेछ । कांग्रेसले आफ्ना विगतका कमजोरी नलजाई स्वीकार गर्ने र सुधार गर्ने उनले बताए ।

अब सत्तामा पुग्न वा टिक्नका लागि जोसँग पनि मिल्ने, सिद्धान्तसँग सम्झौता गर्ने प्रवृत्तिको अन्त्य गरिएको दाबी उनको छ । 'सिद्धान्तसँग सम्झौता गर्नुभन्दा बरु सरकार बाहिर बस्छौं । आनन्दले प्रतिपक्षमा बस्छौं,' उनले भने ।

कांग्रेस अब 'इलेक्सन मेसिन'जस्तो मात्र नभई वैचारिक आन्दोलन र राष्ट्र निर्माणको अभियानको रूपमा अघि बढ्ने सभापति थापा बताउँछन् ।

यसबाहेक कांग्रेसले अब विश्वविद्यालय, अदालत, संवैधानिक निकाय तथा अन्य सार्वजनिक संस्थामा दलको भागबण्डा गर्ने अभ्यास अन्त्य गर्ने प्रतिबद्धता पनि उनले जनाए । 'संस्थामा गएर दलले भाग लिने अध्याय अब सकियो,' थापाले भने, 'पार्टीभन्दा माथि देशको स्वार्थ हुन्छ ।'

क्रमशः पृष्ठ २ मा

१. सत्तामा पुग्न वा टिक्न जोसँग पनि मिल्ने र सिद्धान्तसँग सम्झौता गर्ने राजनीति अन्त्य ।
२. विश्वविद्यालय, अदालत र संवैधानिक निकायमा दलको भागबण्डा बन्द गर्ने प्रतिबद्धता ।
३. भ्रष्टाचारमा शून्य सहनशीलता, पार्टीको भनेर कसैलाई पनि संरक्षण नगर्ने अडान ।
४. तल्लो तहबाट उम्मेदवार छनोट र पार्टीभित्र ठूलो-सानो संस्कार अन्त्य गर्ने नयाँ व्यवस्था ।
५. लोकतन्त्र, सामाजिक न्याय र विविधतालाई पार्टीको आत्मा र जरा मानेर नयाँ तरिकाले कार्यान्वयन गरिने ।
६. सिद्धान्त नछाड्ने, आवश्यक परे सरकार बाहिर बसेर प्रतिपक्षमा बस्न तयार ।
७. कांग्रेसलाई 'इलेक्सन मेसिन' होइन, वैचारिक आन्दोलन र राष्ट्र निर्माणको अभियानका रूपमा अघि बढाउने घोषणा ।
८. व्यक्तिको हैसियत होइन, पर्फमेन्स र कानुनी मापदण्डका आधारमा मूल्यांकन गर्ने प्रणाली विकास गर्ने योजना ।



## पृष्ठ १ बाट क्रमशः

## निर्वाचनबारे ...

'२०१५ सालको आम निर्वाचन निकै लामो समय भयो । एकातिर निर्वाचन हुँदै गर्दा अर्कातिर मत गणना हुन्थ्यो र त्यसबेला कांग्रेसले दुई तिहाइ बहुमत ल्यायो', उनले प्रभावसँग भने, 'सम्भवतः चरणचरणमा निर्वाचन नभएको भए कांग्रेसको दुई तिहाइ सायद सम्भव थिएन ।'

यसअघि २०७४ मा स्थानीय तहको निर्वाचन भने तीन चरणसम्म गरिएको थियो । पहिलो चरणमा एमाले पहिलो बनेको थियो । दोस्रो र तेस्रो चरणमा पनि पहिलो नै भयो । २०१५ सालमा भएको पहिलो प्रतिनिधिसभा निर्वाचन र स्थानीय तहको निर्वाचनले पनि जुन दलको सुरुवाती चरणको निर्वाचनमा ठूलो दल बन्छ, स्वतः अरु चरणको निर्वाचनमा त्यसको प्रभाव परेको देखिएको छ । यसपटक २०७९ मा भन्दा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को माहोल बनेको देखिन्छ । त्यसले पनि दुई कम्युनिस्ट दलले एकैचरणमा निर्वाचनका लागि सरकारमाथि दबाब दिएको डा. घिमिरे बताउँछन् ।

■■■

## कांग्रेसको....

तेस्रो पिलरका रूपमा निजी क्षेत्रले व्यहोर्दै आएका समस्या पन्छाउने विषयमा केन्द्रित रहने वाग्लेले बताए । चौथो पिलर पूर्वाधार विकास र दिगो व्यवस्थापन रहेको र पाँचौ पिलरका रूपमा सडक पूर्वाधार, ऊर्जा, सिँचाइ, जलस्रोत लगायत क्षेत्रको विकास रहेका छन् । योसँगै सरकार निर्माणपछि सय दिनमा गर्ने सय कामको सूची (चेकलिस्ट) नै बनाउने तयारी रास्वपाले गरिरहेको छ ।

यता नेपाली कम्युनिस्ट पार्टीले यो निर्वाचनमा मुख्य गरी सुशासन, सामाजिक न्याय र समृद्धिको मुद्दा घोषणापत्रमा समेट्ने तयारी गरेको छ । नेकपाले नेता नारायणकाजी श्रेष्ठलाई घोषणपत्र लेखनको संयोजक तोकेको छ । यो समितिमा प्रमेश हमाल, भीम रावल, देव गुरुङ, गिरिराजमणि पोखरेल, शक्ति बस्नेत, हरिबोल गजुरेल, राजेन्द्र श्रेष्ठ, पम्फा भुसाल, रामचन्द्र झा, हरि चौधरी, हाकिकुल्ला खाँ, अजम्बर काङबाङ, शेरबहादुर कुँवरलगायत छन् ।

नेता राजेन्द्र श्रेष्ठका अनुसार घोषणापत्र मस्यौदा कमिटीले मस्यौदा तयार गरिरहे पनि सार्वजनिक गर्ने मिति तय भइसकेको छैन । यसपटक नेकपाभित्र प्रत्यक्ष कार्यकारी राख्नुपर्ने विषय जोडका साथ उठेको नेताहरू बताउँछन् । तर यो विषय समेटिन्ट वा समेटिदैनन् भन्ने विषय यकिन भइनसकेको श्रेष्ठ बताउँछन् । नेकपाका नेता देव गुरुङले आगामी निर्वाचनको लागि नेकपाले उत्पादनमुखी र युद्ध अर्थतन्त्रबाट नेपाललाई मुक्त हुने गरी 'गेम चेन्जर' घोषणापत्र ल्याउने बताएका छन् । 'नेपाली अर्थतन्त्र उत्पादनमुखी बनाउन हामीले जोड दिएका छौं । आत्मनिर्भर बनाउन हामीले उत्पादन बढाउन सहकारी र सार्वजनिक क्षेत्रलाई जोड दिएका छौं,' गुरुङले भने, 'घोषणापत्रमा सामाजिक सेवालाई गुणस्तरीय र राज्यलाई सेवामुखी बनाउन जोड दिएका छौं भने समावेशी अर्थतन्त्र, वातावरणमैत्री अर्थतन्त्रसमेत घोषणापत्रमा आउँछ ।' राष्ट्रियप्रजातन्त्र पार्टी, जनमत पार्टी, उज्यालो नेपाल, नेकपा संयुक्तलगायत दलले पनि जनमुखी चुनावी घोषणापत्र बनाइरहेको जनाएका छन् ।

■■■

## व्यवसायी...

मुलुक साउदी अरब, कतार, मलेसिया, संयुक्त अबर इमिरेट्स, ओमान, बहराइन र कुवेत जाने कामदारको भिसा र टिकटको रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने निर्णय गरेका थिए । उक्त निर्णयबाट म्यानपावर कम्पनीले १० हजारमात्र सेवा शुल्क लिन पाउने भनिएको थियो । तर उक्त सेवा शुल्कमा काम गर्न नसक्ने व्यवसायीले बताउँदै आएका छन् ।

सरकारले उक्त प्रावधानमाथि पुनर्विचार गर्न खोज्नु स्वागतयोग्य भएको नेपाल वैदेशिक रोजगाार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले बताए । यो व्यवसायीलाई मात्र नभइ श्रमिककै हितमा भएको बस्नेतले बताए । 'यसमाथि पुनर्विचार गर्नुपर्ने भन्ने विषय सरकारबाट आएको छ । यो अन्यन्तै स्वागतयोग्य छ । यो व्यवसायीको लागि होइन श्रमिकको लागि चाल्न खाजेको महत्वपूर्ण कदम हो,' बस्नेतले भने, 'यसले श्रमिकलाई, मुलुकलाई र व्यवसायी सबै पक्षलाई फाइदा हुन्छ । व्यवसायीहरू पारदर्शी हुन चाहेका छन् । सरकारले यो प्रावधान हटायो भने वैदेशिक रोजगार क्षेत्र परदर्शी हुन्छ ।'

उक्त प्रावधान हटाउने भनेर धेरै पटक भनिएपनि व्यवसायीलाई आश्वासन दिने काममात्र भएको प्रगतिशील वैदेशिक राजेगार व्यवसायी मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले बताए । मन्त्रालयले पूर्वतयारी सहित यो व्यवस्था हटाए व्यवसायमा शुद्धीकरण हुने खत्रीको भनाइ छ ।

'श्रम मन्त्रालयको नेतृत्वले यो प्रावधानको यथार्थ बुझेर हामी व्यवसायीलाई धेरैपटक हटाउने भनिसकेको छ । तर आजसम्म सकेको छैन,' खत्रीले भने, 'हटेपछि कुन मोडालिटीमा अघि बढ्ने भन्ने पूर्वतयारी सहित मन्त्रीज्यूले भन्नुभएको हो भने स्वागत योग्य छ । यो वैदेशिक रोजगार क्षेत्रको समग्र शुद्धीकरणमा ठूलो कोशेढुङ्गा साबित हुन्छ ।'

### आप्रवासनविद् भन्छन् - दुर्भाग्यपूर्ण निर्णय

आप्रवासनविद् रामेश्वर नेपाल भने फ्रि-भिसा, फ्रि-टिकट हटाउने भन्ने सरकारको उद्घोष दूर्भाग्यपूर्ण भएको बताउँछन् । पैसा तिरेर रोजगारीमा जानेहरूले कुनै दबाब दिन सक्दैनन् भनेर सजिलो बाटो रोजेको उनले बताए । 'विगतमा दलका नेताले श्रमिकलाई, गरिबलाई राम्रो गरेनन् भनेरै हालको सरकार बनेको हो । पहिलाभन्दा गज्जब सुधार गर्छु भन्दै आउनुभएको मन्त्रीले यसो भन्नु दुर्भाग्यपूर्ण हो,' नेपालले भने, 'खुरुखुरु गरिबका बच्चाले पैसा तिर्छन्-जान्छन्, उनीहरूको दबाबमूलक भोइस हुँदैन भन्ने हिसाबले खारेज गर्ने तयारी गर्नुभयो ।'

श्रम मन्त्री स्वयंले हालसालै साउदी अरबसँग गरेको सम्झौतामा पनि रोजगारदाताले श्रमिकको खर्च व्यहोर्ने प्रावधान रहेको नेपालले स्मरण गराए । अधिकांश खाडी मुलुकसँगको सम्झौतामा 'इम्प्लोयर पे मोडल'को प्रावधान हुँदाहुँदै पनि त्यसलाई कार्यान्यवन गर्ने कुनै कदम नचालेको उनको भनाइ छ ।

'अस्ति भर्खरै मन्त्रीज्यूले नै सम्झौता गरेर आउनुभएको साउदी अरबसँग भएको सम्झौतामा पनि कामदारको लागत रोजगारदाताले नै तिर्ने भनेको छ । अधिकांश खाडी मुलुकको सम्झौतामा त्यही छ,' उनले भने, 'कतिपय संस्थाले यो अभ्यास पनि गर्दै आएका छन् । तर प्रभावकारी कार्यान्वयन नभएको अवस्थामा सरकारी निकायले यसमा कडाइ गर्न कुनै प्रयत्न गरेन ।'

■■■

## कांग्रेस...

थापाले भ्रष्टाचारका विषयमा पार्टीको भनेर कसैलाई संरक्षण नगर्ने स्पष्ट सन्देश पनि दिए । 'रुखको छायाँमुनि बसेको होस् या नेता, आफ्ना मान्छे होस् या अरू-कानुन उल्लंघन गर्छ भने सजाय पाउनैपर्छ,' उनले भने ।

कांग्रेसमा अब व्यक्तिको हैसियत होइन, 'पर्फमेन्स' र कानुनी मापदण्डका आधारमा मूल्यांकन गर्ने प्रणालीको विकास गर्ने पनि बताए । पार्टीभित्र ठूलो-सानो भन्ने संस्कार अन्त्य गरिने र पदलाई जिम्मेवारीको रूपमा मात्र बुझिने बताएका छन् । सभापति र साधारण सदस्य बराबर हुने र पार्टीलाई तल्लो तहका सदस्यहरूबाट बलियो बनाइने उनको भनाइ छ । साथै, अब उम्मेदवार छनोटको अधिकार पनि तल्लो तहका सदस्यहरूलाई नै दिइने उनले बताए ।

विगतमा गुनासो हुँदाहुँदै पनि २७ लाखभन्दा बढी मतदाताले कांग्रेसलाई मत दिएको स्मरण गर्दै अब ती गुनासा सम्बोधन गरिएको उनको दाबी छ । 'तपाईंहरूले भने अनुसार जोखिम उठाएर हामी बदलिएका छौं । अब तपाईंको हक लाग्छ । अब हकका साथ रुख चिह्नमा मत हाल्नुपर्छ,' उनले मतदाताहरूलाई आग्रह गरे । थापाले विगतमा पार्टी छाडेकाहरूलाई फर्किन आह्वान गरेका छन् । साथै पहिलोपटक मतदान गर्ने युवालाई लक्षित गर्दै उनले कांग्रेसले सुशासन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, नेपालमै अवसर र उद्यमशीलताका लागि अनुकूल वातावरण सिर्जना गर्ने बताए ।

## अस्थायी मतदाताका निम्ति बाँकेमा तीन केन्द्र

**नेपालगन्ज (प्रस)–** जिल्ला निर्वाचन कार्यालयले अस्थायी मतदाताका लागि तीन मतदान केन्द्र कायम गरेको छ । जिल्ला निर्वाचन अधिकारी टेकबहादुर शाहीका अनुसार जिल्लाको निर्वाचन क्षेत्र नं १ को नौवस्ता कारागार, क्षेत्र नं २ को बाँके कारागार र कर्मचारीका लागि रामलीला मैदानमा अस्थायी मतदान केन्द्र कायम गरिएको हो ।

संघ तथा प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको स्वामित्वमा रहेका संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा वा कैदी, वृद्धाआश्रममा बसेका व्यक्तिलगायत अस्थायी मतदाता नामावलीमा समावेश छन् । बाँकेमा दुई हजार ३३८ जना अस्थायी मतदाताका छन् । अस्थायी मतदाताले समानुपातिक निर्वाचनमामात्र मतदान गर्न पाउने व्यवस्था छ ।

---

### किस्पाङ्ग गाउँपालिका
काहुले, नुवाकोट, बागमती प्रदेश

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी राय सुझावका लागि सार्वजनिक सुनुवाईको सूचना**

प्रकाशित मिति : २०८२/१०/२२ गते

प्रस्तुत विषयका सम्बन्धमा बागमती प्रदेश, नुवाकोट जिल्ला, किस्पाङ गाउँपालिका भएर बग्ने त्रीशुली नदी र सलाखुँ खोला बगर क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा वालुवा)को संकलन /उत्खनन् कार्यको निम्ति प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा सार्वजनिक सुनुवाई, कार्यक्रम निम्न स्थान मिति र समयमा आयोजना गरिने हुँदा स्थानीय सामुदायिक वन, राजनीतिक दलका प्रतिनिधि, बुद्धिजिवी लगायत विभिन्न संघ-संस्थाहरुका प्रतिनिधि उपस्थित भई आफ्ना राय सुझावहरु उपलब्ध गराईदिनुहुन हार्दिक हनुरोध गर्दछौं ।

| सार्वजनिक सुनुवाई कार्यक्रम | परामर्शदाता | प्रस्तावक |
|---|---|---|
| स्थानः शान्तिबजार, किस्पाङ नुवाकोट<br>मितिः२०८२-११-०१, शुक्रबार<br>बिहानः ११ बजे | प्रविधि ईन्जिनियरिङ्ग सोलुसन प्रा .लि.<br>टोखा-०८, काठमाण्डौं ।<br>फोन नंः ०१-५९२२३५२<br>prabidhiengineering@gmail.com | किस्पाङ्ग गाउँपालिकाको कार्यलय<br>काउले, नुवाकोट, बागमती प्रदेश<br>फोन नंः ०१०-६८१२१७<br>ईमेलः info@kispangmun.gov.np |

---

### जापानमा रोजगार
कम्पनी : Yamanashi Medical Care Cooperative Business Association

पूर्व स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 337268 | चलानी नं. ६०२५०९४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | care worker | 0 | 4 | 186600 | १७२,४३२ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Yamanashi Medical Care Cooperative Business Association

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337947 | चलानी नं. ६०२५१४३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | care worker | 3 | 0 | 204100 | १८८,६०४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २९ गते (12th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FEWA OVERSEAS PVT. LTD**
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322 9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

---

### कतारमा रोजगार
कम्पनी : LA MER BEAUTI SALOON AND SPA

पूर्व स्वीकृति मिति २०८२/१०/२१ | LT. No. 338311 | चलानी नं. ६०२५१७९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 1700 | ६७,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Beautician | 0 | 1 | 1700 | ६७,५८५ | | | | | | | |
| 3 | HANNA BEAUTICIAN | 0 | 1 | 1700 | ६७,५८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २९ गते (12th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All-Solution Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. १४५४/०७४/०७५
Tokha Municipality-07, Kathmandu Nepal, Tel: + 01-4975144/ 4975145, Mobile No. 9851219986, 9841709004
E-mail : info@allsolutionemployment.com, Web: www.allsoloutionemployment.com

---

### कतारमा रोजगार
कम्पनी : Medha contracting cleaning and services

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 338336 | चलानी नं. ६०२५१८०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ९९,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Iron Worker | 7 | 0 | 1200 | ४७,७०७ | | | | | | | |
| 3 | Machanic | 5 | 0 | 1700 | ६७,५८५ | | | | | | | |
| 4 | Painter/painter Building | 8 | 0 | 1200 | ४७,७०७ | | | | | | | |
| 5 | Plaster Worker (Mason) | 2 | 0 | 1200 | ४७,७०७ | | | | | | | |
| 6 | Skilled Building Worker | 3 | 0 | 1000 | ३९,७५६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २९ गते (12th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gaushala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339,
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

---

### युएइमा रोजगार
कम्पनी : ATLANTIS THE PALM HOTEL AND RESORT

पूर्व स्वीकृति मिति : २०८१/०१/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 304266 | चलानी नं. ६०२१९२५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 15 | 5 | 1493 | ५८,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chamberman/chambermaid/housekeeping Attendent/room | 70 | 30 | 1400 | ५५,००० | | | | | | | |
| 3. | Clerk Assistant | 5 | 3 | 1620 | ६३,५२५ | | | | | | | |
| 4. | Cook General | 80 | 20 | 1395 | ५४,७०० | | | | | | | |
| 5. | Customer Service Agent | 25 | 15 | 1350 | ५२,९३५ | | | | | | | |
| 6. | Life Guard | 30 | 10 | 1700 | ६६,६६० | | | | | | | |
| 7. | Marine Officer | 5 | 5 | 1620 | ६३,५२५ | | | | | | | |
| 8. | Receptionist | 0 | 20 | 1680 | ६५,८७५ | | | | | | | |
| 9. | Supervisor | 12 | 8 | 3000 | ११७,६४० | | | | | | | |
| 10. | Waiter | 120 | 0 | 1350 | ५२,९३५ | | | | | | | |
| 11. | Waitress | 0 | 50 | 1350 | ५२,९३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २९ गते (12th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832, Email:- apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

---

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल माघ महिना २२ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय कमलादीबाट तपशिलमा उल्लेखित ऋणीहरुले व्यावसायिक अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **हिमाल पावर इन्टरनेशनल** प्रोप्राइटरको नाम : सुलभ ढकाल प्रा.फ.र.नं. : १३२०९७/०७३/७४
दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग, काठमाडौं दर्ता मिति : २०७३/०९/०६
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६०५५४८९६९

**प्रोप्राइटरको विवरण**

होम नाथ ढकालको नाति लव कुमार ढकालको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **सुलभ ढकाल** (ना.प्र.नं. : २७ १०६०/७७८०८ जारी मिति र जिल्ला : २०६८/०१/२९, काठमाडौं)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हेम नाथ ढकालको नाति होम नाथ ढकालको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **लव कुमार ढकाल** (ना.प्र.नं. : २७-०१-७३-१२४१५ प्रतिलिपि जारी मिति र जिल्ला : २०७६/०५/०३, काठमाडौं)

२) श्रीधर शर्माको छोरी होम नाथ ढकालको बुहारी लव कुमार ढकालको पत्नी काठमाडौं जिल्ला काठमाडौं वडा नं. १० हाल, काठमाडौं म.न.पा.वडा नं. ७ बस्ने **सोनिया गौतम** (ना.प्र.नं. : ६३३७ जारी मिति र जिल्ला : २०४५/०९/११, काठमाडौं)

३) विजेन्द्र थापाको छोरी लव कुमार ढकालको बुहारी सुलभ ढकालको पत्नी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **तेजस्वी थापा** (ना.प्र.नं. : ०५-०१-६९-००६९२ प्रतिलिपि जारी मिति र जिल्ला : २०७९/०२/१८, काठमाडौं)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८० साल माघ २२ गतेको मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८० साल फागुन ३० गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
३) मिति २०८१ साल माघ २९ गतेको आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
४) मिति २०८१ साल चैत २० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
५) मिति २०८२ साल जेठ ४ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने
६) मिति २०८२ साल पुष ९ गतेको मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| लव कुमार ढकाल | काठमाडौं जिल्ला, का. म. न. पा. वडा नं. ७ | १०२१०६७०७ | २०४ | १५६.९८ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२ साल फागुन महिना १३ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय कमलादी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल फागुन महिना १४ गते विहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय कमलादीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

---

### श्री डिलेश्वरी नामुना माध्यमिक बिध्यालय
पुर्चौडी-०१, हाँट बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः- २०८२/१०/२२) (5 Feb, 2026)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०८/२९ को 'प्रभाव राष्ट्रिय दैनिक' तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकनमा तपसिलको तालिकामा उल्लिखित विवरण अनुसारको बोलपत्रदाता न्यूनतम मूल्याकित सारभूत रूपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्यांकन समितिबाट स्विकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको बिवरण | न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.कर र पि.एस. सहित ) |
|---|---|---|---|---|
| १ | DSSP/BTD/NCB/ Works/01/2082/083 | Construction of Shree Dileshwari Secondary School (3S-7R-ADMIN) Building Purchaudi Municipality-01 Hat, Baitadi | श्री रैका आर के कन्स्ट्रक्सन, ज.न.पा.-१०, बझाङ्ग | ७४,१७,१४१.४० |

**बोधार्थ**
१. श्री बि.एल.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली मस्टा ५ बझांङ्ग।
२. श्री गोकुलेश्वोर निर्माण सेवा सैल्याशिखर ९ दार्चुला ।
३. श्री दिनिशा कन्स्ट्रक्सन का.म.न.पा ३५ कोटेश्वर काठमाडौं ।
४. श्री सिद्धार्थ कन्स्ट्रक्सन केदारस्यु १ बझांङ्ग ।
५. श्री एचबिएस. मामा भान्जा कन्स्ट्रक्शन पु.न.पा-०६, बैतडी ।
६. श्री ए.बि.बि कन्स्ट्रक्सन पु.न.पा २ बैतडी ।
७. श्री समैजी कन्स्ट्रक्सन मार्मा १, दार्चुला ।
८. श्री लक्षिमन एण्ड ब्रदर्स कन्स्ट्रक्सन द.न.पा ५ बैतडी ।
९. श्री डाडाबाघ निर्माण सेवा बझाङ्ग ।

प्रधानाध्यापक

# क्यान्सर दिवसमा सिएमसिमा निःशुल्क बहिरंग सेवा

**चितवन–** विश्व क्यान्सर दिवसका अवसरमा चितवन मेडिकल कलेज (सिएमसी)को भगिनी संस्था सिएमसी क्यान्सर इन्स्टिच्युटमा निःशुल्क बहिरंग सेवा (ओपिडी) सुरु गरिएको छ। विश्व क्यान्सर दिवस २०२६ को अवसरमा यही माघ १९ गतेदेखि २४ गतेसम्म बहिरंग सेवा निःशुल्क र क्यान्सर स्क्रिनिङमा ५० प्रतिशत छुटसमेतको व्यवस्था गरिएको इन्स्टिच्युटले जनाएको छ।

विश्व क्यान्सर दिवसका अवसरमा अस्पतालले बुधबार सचेतना र्‍यालीको आयोजना गरेको छ। अस्पतालबाट सुरु भएको र्‍यालीले भरतपुरका विभिन्न ठाउँको परिक्रमा गरेको थियो। र्‍यालीमा कलेजका प्राध्यापक, अस्पतालका चिकित्सक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता थियो।

क्यान्सर सचेतना र समयमै पहिचानको उद्देश्यसहित विशेष स्वास्थ्य सेवा अभियान सञ्चालन गरिएको अस्पतालले जनाएको छ। यस अभियानको मुख्य उद्देश्य क्यान्सर रोगको प्रारम्भिक पहिचान गरी समयमै उपचारमा सहयोग पुर्‍याउनु रहेको इन्स्टिच्युटका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाले बताए।

विशेष अभियानअन्तर्गत पुरुषहरूका लागि विभिन्न परीक्षण समावेश गरिएको क्यान्सर स्क्रिनिङ प्याकेज उपलब्ध गराएको छ। रगतको मात्रा मापन, कलेजोको कार्य परीक्षण, मिर्गौलाको कार्य परीक्षण, रगतको मधुमेहको परीक्षण, प्रोस्टेट क्यान्सर परीक्षण, छातीको एक्सरे, पेटको भिडियो एक्सरे सेवा रहेका छन्।

यसैगरी महिलाका लागि क्यान्सर स्क्रिनिङ प्याकेजअन्तर्गत रगतको मात्रा मापन, कलेजोको कार्य परीक्षण, मिर्गौलाको कार्य परीक्षण, रगतको मधुमेह परीक्षण, पाठेघरको मुखको परीक्षण, छातीको एक्सरे, पेटको अल्ट्रासाउण्ड, स्तनको अल्ट्रासाउण्ड रहेका छन्। महिला र पुरुष दुवैले आफ्नो शरीरमा क्यान्सर छ/छैन भन्नेबारे जानकारी लिन परीक्षण गराइने देवकोटाले जानकारी दिए। उनका अनुसार यी सबै परीक्षण शुल्कमा ५० प्रतिशत छुट दिइएको छ।

इन्स्टिच्युटले क्यान्सरजस्तो गम्भीर रोगबारे जनचेतना फैलाउन तथा समयमै परीक्षण गराउन यो अभियान प्रभावकारी हुने विश्वास लिएको उनको भनाइ छ। स्वास्थ्य विशेषज्ञहरूले क्यान्सरको प्रारम्भिक पहिचानले उपचार सफल हुने सम्भावना उच्च रहने भएकाले यस्ता अवसरको सदुपयोग गर्न सर्वसाधारणलाई आग्रह गरेका छन्। इन्स्टिच्युटले सरकारी अस्पतालको दररेटमा क्यान्सरको उपचार गर्दै आइएको जनाएको छ। *रासस*


## युएइमा रोजगार

कम्पनी : JABAL ALFAIDH CARPENTRY & FLOORING CONTRACTING CO. LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 338299 | चलानी नं. ६०२५१७९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Brick Mason | 5 | 0 | 1200 | ४७,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Electricians | 15 | 0 | 1200 | ४७,०५५ | | | | | | | |
| 3. | Assistant Tile Layer | 15 | 0 | 1200 | ४७,०५५ | | | | | | | |
| 4. | Bricklayer | 5 | 0 | 1500 | ५८,८२० | | | | | | | |
| 5. | Carpenter | 5 | 0 | 1500 | ५८,८२० | | | | | | | |
| 6. | Electrician | 10 | 0 | 1500 | ५८,८२० | | | | | | | |
| 7. | False Ceiling/partion Fixer | 5 | 0 | 1500 | ५८,८२० | | | | | | | |
| 8. | Finance Manager & Controller | 10 | 0 | 4000 | १५६,८५० | | | | | | | |
| 9. | Light Technician | 5 | 0 | 1500 | ५८,८२० | | | | | | | |
| 10. | Painter | 3 | 0 | 1500 | ५८,८२० | | | | | | | |
| 11. | Painter (Ass.) | 5 | 0 | 1200 | ४७,०५५ | | | | | | | |
| 12. | Quality Control Manager | 5 | 0 | 4000 | १५६,८५० | | | | | | | |
| 13. | Site Manager | 3 | 0 | 3500 | १३७,२४५ | | | | | | | |
| 14. | Tile Layer | 3 | 0 | 1500 | ५८,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २९ गते (12th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Inspire INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com


## हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

### बोलपत्र आव्हानको सूचना

**(पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/१०/२२ गते)**

हिलिहाङ गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए बमोजिमको खरिद कार्य गर्नुपर्ने भएकाले नेपाल सरकारबाट सम्बन्धित खरिदका लागि इजाजत प्राप्त इच्छुक सप्लायर्सहरूबाट निम्न सर्तहरूको अधिनमा रहि रितपुर्वक बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र फारम खरिद गर्न इच्छुक सप्लायर्सहरु आ.व. २०८२/०८३ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता को प्रमाण पत्र र फर्म सम्बन्धि अन्य कुनै कागजात भए सो समेत प्रमाणित प्रतिलिपि सहित www.bolpatragov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी पेश गर्न सकिने छ।

२. बोलपत्र साथ जमानत बापतको रकम हिमालयन बैंक लिमिटेड, हिलिहाङ गोपेटार शाखाको HILIHANG GA.3STHA.TAHA DHARO KHAT नामको धरौटी खाता नम्बर 26351182240015 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको जमानत पत्र समावेश भएको हुनु पर्नेछ। बोलपत्र खरिदको लागि हिमालयन बैंक लिमिटेड, हिलिहाङ गोपेटार शाखाको HILIHANG GA-1-1 ANTARIK RAJASWO नामको खाता नम्बर 26351182240171 मा नगद रकम दाखिला गरि बैंक भौचर पेश गर्नु पर्नेछ।

३. खरिद गरिएको बोलपत्रको हकमा यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३० औं दिन वा ई बिडिङ्ग मा उल्लेख भए बमोजिम बोलपत्र अन्तिम दिनको तोकिएको समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatragov.np/egp बाट भर्न सकिने छ। विस्तृत विवरण टेण्डर फारमसंग संलग्न छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई. रकम भ्याट बाहेक | जमानत वापतको रकम | बोलपत्र फारम दस्तुर | टेण्डर पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/GOODS/082/083/02 | Procurement of mini tiller. Combined mill and sugar juice mill. | 22,20000.00 | 66,000.00 | 3000.00 | 06-03-2026 (A.D) | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Barju Rural Municipality
## Office of Rural Municipal Executive
**Amahibelha, Sunsari**

### Invitation for Seal Quotation

**First Date of publication: 5th Feb. 2026**

1. The Barju Rural Municipality invites sealed quotations for the construction of KRISHI BAZAAR SET NIRMAN WADA NO. 6
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsari or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account along with payment of a non-refundable fee of Rs. 1000.00 till 19th Feb 2026. during office hours.
   Name of the Bank: NIC Asia Bank Limited. Barju Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 2432050027873004
   Rajaswa (revenue) Shirshak .: 14249 AANYA DASTUR
4. Sealed bids must be submitted through PPMO website www.bopatra.gov.np/egp on or before 12:00 PM on 20th Feb. 2026 . Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 20th Feb. 2026 at the office of Barju Rural Municipality Amahibelha Sunsari .Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting in table below which shall be valid for 30 days beyond the validity period of the bid.
   Name Of the bank :NIC Asia Bank Limited.
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 243CA50017628005
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Name of Project | Contract Id. No. | Total Estimate Amount NRs Excluding Vat And Contingencies | Bid Security Amount NRs. | Bid Document Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | KRISHI BAZAAR SET NIRMAN WADA NO. 6 | BRM/SUNSARI/SQ/WORKS/01/2082/83 | 13,20,161.60 | 39,000.00 | 1,000.00 |

**Chief Administrative Officer**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८२/१०/२२**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुलाई मिति वि.सं. २०७९/०२/२५ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०८२/०९/२३ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना, र मिति वि.सं. २०८२/१०/१३ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा दिउँसो ४:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

### तपसिल

**१. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज अधिविकर्ष कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

**१. नाम : श्रीमती शान्ती देवी के.सी.**
बाबु : आद बहादुर गुरुङ्ग
पति : शिव बहादुर खत्री क्षेत्री
ठेगाना : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
ना.प्र.नं : २/४९३१
जारी मिति : २०५२/१०/०४
जि.प्र.का. : रुपन्देही

**२. नाम : शिव बहादुर खत्री क्षेत्री**
बाबु : भद्र बहादुर खत्री क्षेत्री
बाजे : मणीराम क्षेत्री
ठेगाना : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
ना.प्र.नं : ७२२७६
जारी मिति : २०४०/०१/२०
प्रथम प्रतिलिपि मिति: २०७६/१०/२०
जि.प्र.का. : रुपन्देही

**जमानीकर्ताको नाम र ठेगाना**

**नाम : दुर्गा शाह**
बाबु : बिजय बिक्रम शाह
पति : पंकज क्षेत्री
ठेगाना : सिद्धार्थनगर न.पा-१२, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
ना.प्र.नं : २/३२०८२
जारी मिति : २०६३/०४/१२
जि.प्र.का : रुपन्देही

**२. कर्जा शिर्षक : सिटिजन्स महिला उधमशिलता कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : श्रीमती शान्ती देवी के.सी.**
बाबु : आद बहादुर गुरुङ्ग
पति : शिव बहादुर खत्री क्षेत्री
ठेगाना : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
ना.प्र.नं : २/४९३१
जारी मिति : २०५२/१०/०४
जि.प्र.का. : रुपन्देही

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : दुर्गा शाह**
बाबु : बिजय बिक्रम शाह
पति : पंकज क्षेत्री
ठेगाना : सिद्धार्थनगर न.पा-१२, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
ना.प्र.नं : २/३२०८२
जारी मिति : २०६३/०४/१२
जि.प्र.का : रुपन्देही

**२. नाम : शिव बहादुर खत्री क्षेत्री**
बाबु : भद्र बहादुर खत्री क्षेत्री
बाजे : मणीराम क्षेत्री
ठेगाना : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-८, रुपन्देही
ना.प्र.नं : ७२२७६
जारी मिति : २०४०/०१/२०
प्रथम प्रतिलिपि मिति: २०७६/१०/२०
जि.प्र.का : रुपन्देही

**माथि उल्लेखित ऋणीकर्जाहरुमा धितो राखिएको सम्पत्तिको विवरण**

**धितो सुरक्षण धनीको नाम:– श्रीमती शान्ती देवी के.सी.**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु.क) | कैफियत |
|---|---|---|---|---|---|
| रुपन्देही | बसन्तपुर | ९/९क | ६५७ | ०-०-१८-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौंमा वा शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/१०/२९ गते, बिहीबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, सिद्धार्थनगर, रुपन्देही।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### साङ्ताबासीको प्रस्ताव अनुमोदन गर

प्रतिनिधि सभाको निर्वाचन अब २८ दिनमात्र बाँकी छ । देशभर फागुन २१ गते एकै दिन मतदानको कार्यतालिका रहेको छ । हिमाली क्षेत्रमा मौसम बदलाव हुने भएकोले मतदान केही समय सार्नुपर्ने विज्ञको सुझावलाई निर्वाचन आयोगले खासै चासो दिएको छैन । आयोगको अर्जुनदृष्टि समयमै निर्वाचन सम्पन्न गर्नेमै छ ।

सरकारले पनि आयोगलाई साथ दिँदै आएको छ । किनभने आफूले पाएको जिम्मेवारी सरकार र आयोग दुबै फत्ते गर्नेतिर लागेको छ । हिमाली जिल्लाका जनप्रतिनिधिले फागुनसम्मै हिउँ पर्ने भएको निर्वाचन केही पर धकेल्न आग्रह गर्दै आएका थिए । डोल्पाको शेफोक्सुन्डो गाउँपालिकाका अध्यक्ष धावा सम्डुकले एक महिनाअघि मात्र जिल्ला प्रशासन कार्यालयलाई चिठी लेखेर यसबारे सचेत गराएका थिए ।

बुधबार चिसोको कारण देखाउँदै मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–५ अन्तर्गत पर्ने साङ्ता मतदानस्थल सार्न प्रस्ताव गरिएको छ । हिमपात र अत्यधिक चिसोको समस्या दर्शाउँदै उक्त स्थानको मतदानस्थल सार्न प्रस्ताव गरेको जनाइएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा यहाँको साङ्ता गाउँमा पछिल्लो मतदाता नामावली अद्यावधिक हुँदा ३९ मतदाता कायम भएको छ । हिमपात र अत्यधिक चिसोका कारण गाउँमा केही याकचौँरी हेर्ने गोठालाबाहेक कोही नभएको र गाउँका सबै नागरिक हिमपात र चिसो छल्न फल्याक धाकार्रजुङ, कागबेनी र जोमसोमलगायत स्थानमा आफन्तजनको घरमा बसेको वडासदस्य छिरिङ पाल्साङले बताएका छन् ।

समुन्द्री सतहको चार हजार ५०० मिटर माथिको उचाइबाट सडक विस्तार भएको साङ्ता गाउँ जाने मुस्ताङ–डोल्पा सडक एक महिनाअघिदेखि हिमपातले अवरुद्ध अवस्थामा छ । त्यहाँस्थित साङ्ता गाउँका नागरिक हिमपात र अत्यधिक चिसोका कारण जोमसोम आसपासका क्षेत्रमा झरेकाहरू गर्मीयाम सुरु भएपछि चैत/वैशाखमा मात्रै गाउँ फर्किने योजनामा छन् । यसैका कारण त्यहाँका मतदाताको आग्रहअनुसार वडा कार्यालयले जिल्ला सुरक्षा समिति, मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला निर्वाचन कार्यालयलाई मतदानस्थल सार्न प्रस्ताव पठाएको हो ।

साङ्ता गाउँका केही मतदाता पोखरा र काठमाडौंमा झरेका छन् । मतदानका समयमा त्यहाँका नागरिक गाउँ फर्किन असम्भव देखिएका मतदानस्थल सार्न प्रस्ताव गरिएको बताइएको छ । निर्वाचनका लागि मतदान केन्द्र तथा मतदानस्थल हेरफेर, थपघट र स्थान्तरण गर्न आयोग मतदानस्थल तथा मतदान केन्द्र कार्यविधि २०८१ अनुसार उपयुक्त ठहरिएमा प्रस्ताव अनुमोदनका लागि आयोगमा सिफारिस गर्ने गरिन्छ । चिसोले निर्वाचन अधिकृत र सुरक्षाकर्मीलाई पनि सकस पर्ने देखिन्छ । त्यसैले साङ्ताबासीको प्रस्तावलाई आयोगले अनुमोदन गरेको खण्डमा निर्वाचन एकै चरणमा गराउनसमेत सहज हुने देखिन्छ ।


## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# चुनावमा मिथ्या सूचनाको बाढी र यसको व्यवस्थापन



एकराज पाठक

यतिखेर झापाको निर्वाचन क्षेत्र नं ५ मा 'कन्टेन्ट क्रियटर', एवं सामाजिक सञ्जालमा सक्रिय व्यक्ति र युटचुबरहरूको ओइरो लागेको देखिन्छ । सो क्षेत्रमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन्द्र (बालेन) शाह उम्मेदवार छन् । उक्त क्षेत्रमा अड्डा जमाएर बसेका यी मिडियाकर्मीले अनेकथरि पृष्ठभूमि बाधेर प्रश्न गर्छन् तर निर्वाचनमा तपाईं कसलाई भोट दिनुहुन्छ भनेर सोध्न भने छुटाउँदैनन् ।

आफूले मत कसलाई दिँदै छु भन्ने प्रश्नको जवाफ दिन मतदाता बाध्य त छैनन्, तर प्रश्नको वर्षा यसरी हुन्छ कि त्यसको जवाफबाट सर्वसाधारण मतदाता उम्किनै सकिरहेका छैनन् । पार्टी र व्यक्तिको पक्षधरता लिएर काम गरिरहेका उनीहरूले आफ्नो पक्षकै जवाफ चाहेका हुन्छन् । सबैबाट यस्तो जवाफ आएन भने त्यस्तै मतदाता खोज्छन् र चाहेको जवाफ आएपछि अनि त्यसको प्रचारप्रसार गर्छन् । यति गर्दा पनि मतदाताबाट जवाफ आएन भने एआईबाटै सबै कुरा सिर्जना गरेर प्रचारमा ल्याउँछन् ।

प्रतिनिधिसभाको यही फागुन २१ गते हुने मतदानको समय नजिकिँदै गर्दा यसप्रकारका प्रचार र सामाजिक सञ्जालले सक्रियता बढाएका छन् । केही दिनयतादेखि जारी यस्ता गतिविधि सर्लाही र चितवन जिल्लामा पनि देखिन थालेका छन् । चितवनमा रास्वपाका सभापति रवि लामिछाने र सर्लाहीमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाका क्षेत्रमा पनि यसैगरी मतदाताबाट जबर्जस्ती मत सर्वेक्षण गराएर आफू अनुकूलको प्रचार गराइएको छ ।

निर्वाचनका समयमा हुने यो कार्य आचारसंहिताविपरीत हो । मतदान नागरिकको गोपनीय अधिकार हो । उसले मत दिने अधिकार राख्दछ तर आफूले कसलाई मत दिन्छु या दिएँ भन्ने कुरा सार्वजनिकरूपमै व्यक्त गर्न ऊ बाध्य छैन । यसप्रकारको बाध्यता सिर्जना गर्नु नागरिक अधिकारविपरीत छ । तर, यस्तै मतका आधारमा भिडियो निर्माण गर्ने अनि नागरिकले कसलाई मत दिँदै छन् भन्ने कुराको दुष्प्रचार गर्ने गरिएको छ । यो अचारसंहिताको उल्लंघन त हो नै, मिथ्या र भ्रमपूर्ण सूचना पनि हो ।

निर्वाचन जति नजिकिँदै गयो त्यति नै मिथ्या एवं गलत सूचनाको बाढीले नागरिकलाई प्रभावित पार्न थालेको छ । तर, नागरिक भने आफूहरू बाढी प्रभावित भएको थाहा पाउन सकिरहेका छैनन् । किनभने उनीहरूले मिथ्या सूचनालाई नै सूचनाका रूपमा ग्रहण गरिरहेका छन् । यसले गर्दा अवस्था यस्तो देखिँदै छ कि भोलि सही एवं सत्य सूचना बाहिर आउँदा पनि खण्डनका रूपमा सार्वजनिक हुने खतरा छ । यसले समग्र सूचना प्रणालीकै 'इकोसिस्टम'मा अवरोध उत्पन्न गरिरहेको छ ।

निर्वाचन नजिकिँदै गर्दा दल र उम्मेदवारहरूका प्रचारको गति थप द्रुत बन्दै छ । प्रायः सबैले प्रचारमा सामाजिक सञ्जाल नै प्रयोग गरेका छन् तर त्यहाँ प्रचारभन्दा बढी दुष्प्रचार फैलिँदो छ । यसमा खासगरी पछिल्लो समय उम्मेदवार हुन् या तिनका सहयोगी कार्यकर्ताहरूले एआईकै प्रयोग व्यापक बनाएका छन् । तर त्यसको प्रयोगभन्दा बढी दुरूपयोग नै भइरहेको छ । यसरी हेर्दा लाग्छ मिथ्या सूचनाको प्रवाह मिनेटमिनेटमै फैलिएको छ । यस्ता सूचनाको प्रवाह नियन्त्रणबाहिर जाँदै गर्दा यता सर्वसाधारण नागरिक भ्रममा परिरहेका छन् ।

निर्वाचन आयोगले आसन्न निर्वाचनलाई मध्यनजर गर्दै आचारसंहिता जारी गरेको छ । आचारसंहितामा मिथ्या सूचना रोक्ने प्रयास पनि छ । तर पनि आयोगको यो कार्यका लागि आवश्यक हुने रणनीति, प्रविधिका तुलनामा आयोगको कारबाही प्रक्रिया जटिल र चुनौतीपूर्ण देखिएको छ । आचारसंहितामा सबैले पालना गर्नुपर्ने आचरणअन्तर्गत आयोगले मिथ्या सूचनाकाबारेमा स्पष्टसँग व्यवस्था गरेको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने व्यवस्था यसमा गरिएको छ ।

त्यसैगरी निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा अकाउन्ट सञ्चालन गर्न वा झूठ साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने व्यवस्था सो आचारसंहितामा उल्लेख छ । सामाजिक सञ्जालमा एआईको प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुनेलगायतका व्यवस्था आचारसंहितामा स्पष्ट व्यवस्था छ ।

तर पनि अहिले सञ्जालहरूमा यस्ता सामग्री ठूलो परिमाणमा फैलँदै गएकाले यसको नियन्त्रण आयोगका लागि चुनौती बनेको छ । खासगरी एआईको माध्यमबाट आफ्नो प्रचार गर्न, विपक्षीहरूको गलत प्रचार गर्न या विरोधीलाई तल पार्न डिजिटल प्रचार प्रविधिको दुरूपयोग गरिएको छ । कतिपय अवस्थामा राजनीतिक व्यक्तिहरू एवं पार्टीका नेताले नै मिथ्या सूचनाको प्रचार गरिरहेका हुन्छन् । यसबाट सामान्य मानिसहरूलाई निकै द्विविधा सिर्जना गरिदिएको छ र मिथ्या सूचनाको यो बाढीले सत्य सूचनालाई पछि पारिदिएको छ । यस्तो गलत प्रचारले सत्य सूचना छायाँमा परेको मात्र नभएर उम्मेदवारका खास एजेण्डा नै बाहिर आउन पाएको छैन ।

चुनावमा होमिएका उम्मेदवारका वास्तविक एजेण्डा र नागरिकप्रति उनीहरूका उत्तरदायित्व एवं प्रतिबद्धताहरू आउन सकिरहेको छैन । प्रचारको शैली र तौरतरिका यसरी अघि बढेको छ कि यसले सत्य सूचनामै नागरिकको विश्वास नहुने अर्थात् सही सूचनालाई नागरिकले यो गलत त होइन भनेर दुई पटक सोच्नुपर्ने अवस्था आउन सक्दछ ।

इन्टरनेट र स्मार्टफोनको पहुँच अहिले सहजै उपलब्ध छ । तिनै स्मार्टफोन बोक्ने नागरिक सामाजिक सञ्जालमा बढी सक्रिय देखिन्छन् । यस्तो अवस्थामा डिजिटल ज्ञान भएको जोकोहीले पनि हातहातको फोनबाटै मिथ्या सूचना उत्पादन र प्रचार गर्न सक्दछन् । सरकारले सामाजिक सञ्जालको सीमालाई साँघुरो बनाउन सक्दैन यसैका कारण सामाजिक सञ्जालको सीमाविहीन दुनियाँ यस्ता मिथ्या सूचनाको वाहक बन्दै गएका छन् । अनि कसले, कहाँबाट र कसरी यस्ता कुसूचना उत्पादन र वितरण गरिरहेको छ भन्ने कुराको पहिचान गर्न प्रविधिलाई नै गाह्रो पर्ने अवस्था आएको छ ।

अघिपछि पनि प्रायः देखापर्ने मिथ्या सूचना चुनावका बेला झन बढी देखिन्छन् । निर्वाचन आचारसंहिता यो बाढी रोक्ने एक अचुक अस्त्र हो । यसको उल्लंघनमा हुने कडा कारबाहीले पनि यस्तो बाढी रोकावटको काम गर्दछ । आखिर मिथ्या सूचनाको स्रोत धेरैजसो राजनीतिक दल र उनीहरूसँग आबद्ध नेता तथा कार्यकर्ता नै हुन् । यसमा कुनै दल, पक्ष विपक्ष भन्ने देखिँदैन । एउटाले गरेपछि प्रायः अरुले यसलाई पछ्याउन थाल्दछ र त्यही विधि र प्रविधि सिकिहाल्छन् । पक्षधरता बोकेका सञ्चारमाध्यम यस्ता सूचनाका अर्का स्रोत हुन् ।

"अघिपछि पनि प्रायः देखापर्ने मिथ्या सूचना चुनावका बेला झन बढी देखिन्छन् । निर्वाचन आचारसंहिता यो बाढी रोक्ने एक अचुक अस्त्र हो । यसको उल्लंघनमा हुने कडा कारबाहीले पनि यस्तो बाढी रोकावटको काम गर्दछ । आखिर मिथ्या सूचनाको स्रोत धेरैजसो राजनीतिक दल र उनीहरूसँग आबद्ध नेता तथा कार्यकर्ता नै हुन् । यसमा कुनै दल, पक्ष विपक्ष भन्ने देखिँदैन । एउटाले गरेपछि प्रायः अरुले यसलाई पछ्याउन थाल्दछ र त्यही विधि र प्रविधि सिकिहाल्छन् । पक्षधरता बोकेका सञ्चारमाध्यम यस्ता सूचनाका अर्का स्रोत हुन् ।

यस्ता मिथ्या कन्टेन्ट, फोटो, भिडियो सामग्री आदि वास्तविकजस्तै लाग्छ । सामान्य प्रयोगकर्तालाई ती सामग्री सही हुन् या गलत भनेर छुट्याउनै गाह्रो पर्ने गरेको छ । यसको सही या गलत भनेर परीक्षण गर्ने सीप सबै सर्वसाधारण नागरिकसँग हुने कुरा पनि भएन । यसैले नागरिकलाई प्रभावित पर्ने खतरा बढाएको छ । यस्तो अवस्था चुनाव जति नजिकिँदै छ, त्यति नै बढ्दै छ ।

समस्या कहाँनेर छ भने अहिलेको समयमा इन्टरनेट तथा सामाजिक सञ्जाललाई अवज्ञा गरेर अघि बढ्न सक्ने अवस्था छैन र न त अहिलेकै अवस्थालाई स्वीकार गर्न सकिने स्थिति छ । सामाजिक सञ्जालमाथिको नियन्त्रण नागरिकको सूचना तथा अभिव्यक्तिको स्वतन्त्रताको विषयसँग जोडिएर आउँछ । तर यो अधिकारलाई निरपेक्ष नभई यसको प्रयोगका सीमा कोर्न सकिने सहज कानुनको आवश्यकता छ । वर्तमानको अध्ययन गर्दा गलत एवं मिथ्या सूचनाको कुरियर सामाजिक सञ्जालहरू नै बढी देखिएकाले तिनको सीमा र नियमनका बारेमा वैधानिक आधारहरू तय गरेर बहस थाल्नुपर्ने नितान्त आवश्यकता छ ।

तर पनि यी कार्यलाई कानुनी दायरामा ल्याउन नसकिएको अवस्था भने होइन । निर्वाचन आयोगले चुनावमा मिथ्या सूचना फैलाउनेलाई कारबाहीको दायरामा ल्याउने विषयलाई आचारसंहितामै समेटेको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्नेलाई एक लाख रूपैयाँसम्म जरिवाना गराउन सकिने व्यवस्था आचारसंहितामा पनि छ ।

त्यस्तै, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २२ मा निर्वाचनका बेला उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले राजनीतिक दल वा उम्मेदवारको नीति तथा कार्यक्रमका सम्बन्धमा प्रचारप्रसार गर्दा/गराउँदा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने काम गरे दुई लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

आयोगले चुनावका बेलामा यस्ता सूचनाको नियन्त्रणका लागि अनुगमन र नियमन गर्ने गर्दछ । यसका लागि आमनागरिक एवं उम्मेदवारलाई आचारसंहिताको उल्लंघन गरेमा मौखिक, लिखित तथा विद्युतीय माध्यमबाट उजुरी दिन सक्ने व्यवस्था पनि छ । यसअनुसार परेका उजुरीमाथि कारबाही भएका समाचार पनि सार्वजनिक हुने गरेकै छन् । तर पनि यो बाढी रोकिनुको सट्टा अझ बढी परिस्कृत स्वरूपमा आधुनिक प्रविधि एवं विधिहरूको प्रयोगमा उत्रिएको छ । मिथ्या र भ्रमपूर्ण सूचना फैलाउने कारखाना दिन प्रतिदिन होइन कि मिनेट मिनेटमै फैलँदै छ । *रासस*

## पाठक मञ्च

### दलालीको लहैलहैमा लाग्नु हुन्न है !

'कामदार चाहियो, मासिक १५ हजारदेखि २५ हजारसम्म तलब, बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मात्र काम गर्नुपर्ने, खाजा, गाडीभाडा पाइने र अन्य सेवासुविधा पनि उपलब्ध, एसईई वा प्लस टु पास गरेकालाई पहिलो प्राथमिकता' भनी सम्पर्क नम्बरसहित लेखिएका पोस्टरहरू अहिले काठमाडौं उपत्यकाका सार्वजनिक विद्युतीय पोल, भित्ता, आकाशे पुलहरूमा छ्यापछ्याप्ती देखिन्छन ।

राम्रो तलब र सेवासुविधा देखेपछि धेरैले पोस्टरमा विश्वास गरेर सम्पर्क गर्छन । तर, फोन गरेपछि ठ्याक्कै उल्टो हुन्छ । त्यो नम्बर जागिर लगाइदिने कम्पनीहरूको हुन्छ । अनि कम्पनीले सम्बन्धित व्यक्तिलाई अफिस आउन आग्रह गर्छ । अफिस गएपछि ५०० देखि १५ सय रूपैयाँसम्म तिरेर फाराम भर्न लगाइन्छ । फाराम भरेको एकदेखि तीन महिनासम्म जागिर पाइने कम्पनीले आश्वासन देखाउँछ ।

यद्यपि, त्यस्तो हुँदैन । फाराम भरेपछि कम्पनी सम्पर्कविहीन हुन्छ । र, केही गरी जागिर लगाइदिए सित्तैमा काम दलाइन्छ । कम्पनी काम लगाइदिएर बेपत्ता हुन्छ, अनि सम्बन्धित व्यक्तिले एकदेखि छ महिनासम्म काम गर्दा पनि तलब पाउँदैनन । यसरी पछिल्लो समय जागिरको प्रलोभन देखाएर ठग्ने र शोषण गर्ने क्रम बढदो छ । मुलुकमा बेरोजगारी बढदो छ । काम नपाएर वा काम गरेको ठाउँबाट तलब नपाउँदा मानिसहरू तनावमा छन ।

यस्तो अवस्थामा आकर्षक रोजगारी देखेपछि जोकोही लोभिहाल्छन । तर, उनीहरूको फाइदा यस्ता शोषक, सामन्ती र दलालहरूले उठाइरहेका छन । जागिर पाउने आशामा एक-दुई जनामात्रै होइन, लाखौं सर्वसाधारण ठगिएका छन, शोषणमा परेका छन । विडम्बना, उनीहरूले उजुरीसमेत दिन सकेका छैनन । किनकि, उनीहरूसँग प्रमाण नै हुँदैन । अर्कोतर्फ, १५ सय रूपैयाँ ठगेको पनि के उजुरी दिनु भनेर धेरै मौन बस्ने गरेका छन ।

यसैले गर्दा पनि त्यस्ता ठग, दलालहरूको मनोबल बढेको छ । जागिरसँगै कोठा खोजिदिने नाममा पनि उत्तिकै ठगी भइरहेको अवस्था छ । कोठा खोज्दै मानिसहरू आफनो घर आइपुग्दा घरधनीहरू खाली भए पनि दिँदैनन । भन्छन- अफिसमार्फत कोठा खोज्नूस । अनि अफिस भएपछि एउटा कोठा खोजेबापत सुरुमा ५०० देखि एक हजार वा फल्याटको एक हजारदेखि दुई हजार रूपैयाँसम्म तिरेर फाराम भर्नुपर्छ ।

त्यसरी फाराम भरेको एक महिनाभित्र कम्पनीले कोठा खोजिदिन्छ । कोठा खोजेपछि पनि कम्पनीलाई फेरि रकम तिर्नुपर्छ । एउटा कोठा खोजेको दुई हजार र फल्याट खोजेबापत पाँच हजारदेखि १० हजार रूपैयाँसम्म तिर्नुपर्छ । उता, घरधनीहरूलाई एकदेखि तीन महिनाको भाडा पहिल्यै तिर्नुपर्छ । कम्पनीहरूले घरधनीलाई कमिसन दिने गर्छन । कोठा खाली भएमा कसैलाई नदिई कम्पनीलाई बताउन भन्छन । र, खाली कोठामा महँगो भाडा तिर्ने मान्छे ल्याइदिने र कमिशन पनि दिने भनेपछि घरधनीहरू मख्ख हुँदै कम्पनीमार्फत नै कोठा भाडामा लगाउँछन । आज उपत्यकामा कम्पनीमार्फत मात्र कोठा, फल्याट, सटर पाइन्छ ।

अर्कोतर्फ, कम्पनीमार्फत बसेको ठाउँमा कुनै पनि सेवासुविधा उपलब्ध हुँदैन । पानी न लुगा सुकाउने ठाउँ । अँध्यारो, चिसो कोठाको १० हजारदेखि २० हजार रूपैयाँ भाडा असुलिन्छ । अनि चर्को भाडा र कुनै पनि सेवासुविधा नभएपछि दुई-तीन महिनामै सम्बन्धित व्यक्ति अन्य ठाउँ सर्छ । अनि त्यो व्यक्ति सरेपछि अर्कोलाई फसाइन्छ ।

यसरी कोठाको नाममा पनि दलालीहरूको ठगीधन्दा मौलाउँदो छ । सरकार यस्ता ठगहरूलाई कारबाही गर्दैन । उजुरी दिन निकाय पनि छैन । अनि ठगहरूको मनोबल झनै बढिरहेको छ । आफूहरूले जतिसुकै जनता ठगे पनि, लुटे पनि केही हुँदैन भन्ने छाप उनीहरूमा बसेको छ । अब सरकारले यस्ता ठगहरूलाई कारबाही गर्नैपर्छ । कुनै पनि बहानामा जनता ठग्न पाइँदैन । जनता पनि सचेत हुनुपऱ्यो । दलालीहरूको लहैलहैमा लाग्नु हुँदैन ।

साथै, केही गरी शंका लागेमा प्रमाण जुटाइराख्नुपर्छ । यसले तिनीहरूमाथि कारबाही गर्न सहज हुने छ । गाउँमा शिक्षा, स्वास्थ्य, रोजगारी छैन । छोराछोरी पढाउन, उपचार गर्न वा रोजगारी खान मानिसहरू गाउँमा आफनो खेत बाँझो छोडेर, घर र मतानमा ताल्चा लगाएर सहर पसे । अनि सहरमा उनीहरूमाथि एकपछि अर्को ठगी र शोषण भइरहेको छ । यस्तो विकृति नियन्त्रणमा सरकारले तत्काल ध्यान दिनुपर्छ ।

– अर्पण राई, कोटेश्वर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मतदाताको गुनासो- आश्वासन धेरै पायौं, अब विकास चाहियो

**ढोरपाटन (बागलुङ)**– फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै गाउँ तथा सहरमा विस्तारै चुनावी सरगर्मी बढेको छ । उम्मेदवारले एजेण्डा, प्रतिबद्धता र संकल्पपत्रहरू लिएर दल तथा उम्मेदवारहरू मतदाताको घरदैलो धाइरहेका छन् ।

आफ्ना एजेण्डासहित मतदाताको घरदैलो गर्ने उम्मेदवार र दलहरूलाई यसअघिका निर्वाचनमा जस्तो सहज भने छैन । मतदातामा चेतनाको विकास र सामाजिक सञ्जाललगायत क्षेत्रमा भएको विकासले उम्मेदवार र दललाई जवाफदेही बनाउने छन् । पटक-पटक आश्वासनमा मतदान गरेका मतदाता यो पटकको निर्वाचनमा भरपर्दो योजना भएका उम्मेदवारलाई मात्रै मतदान गर्ने सोचमा देखिन्छन् ।

निसीखोला गाउँपालिका-६ का ७३ वर्षीय चुनमान घर्तीमगरले जनताका आधारभूत आवश्यकता पूरा गर्ने नेतालाई जिताउनुपर्ने बताए । यसअघिका नेताले आश्वासनमात्रै दिएको उनको गुनासो छ । अहिलेसम्म आफ्नो क्षेत्रमा खानेपानी, शिक्षा र स्वास्थ्यको सहज संविधान नभएको घर्तीमगरको भनाइ छ । चुनावका बेला गरेको बाचा चुनाव सकिएपछि बिर्सिने गरेको उनले बताए ।

'हामीले पटक-पटक जितायौं, उनीहरूले पद पाए, आफ्नालाई जागिर खुवाए, हामीलाई निराशाबाहेक अरु के दिए ? यसपटक प्रतिबद्धतामात्रै होइन कामको योजनासहित आउने उम्मेदवारलाई मत दिने योजनामा छु,' उनले भने, 'आश्वासन पहिला पाइएको हो, अहिले उही त्यहीँ त होला, हामी सोझा साझा जनता जहिले मारमामात्रै छौं ।'

ढोरपाटन नगरपालिका-२ की थमकुमारी खत्रीले किसानका समस्या समाधान गर्न सक्ने उम्मेदवारलाई भोट दिने बताइन् । ग्रामीण सडक बाह्रै महिना सञ्चालन नहुँदा किसानले उत्पादन गरेको वस्तु नष्ट हुने गरेको भन्दै चुनावका बेला धेरै नेताले झूटा आशामात्रै दिएको उनले गुनासो पोखिन् । धेरै वर्षदेखि गाउँमा खानेपानीको समस्या रहेको भन्दै यसको समाधान अहिलेसम्म हुन नसकेको खत्रीको भनाइ छ ।

उनले भनिन्, 'बहुदल आएपछि हामीलाई नेताहरूले पटक-पटक झुक्याएर भोट लगे, चुनाव जितेर गएपछि एक पनि गाउँमा फर्किएर आएनन्, गाउँमा कति धेरै समस्या छन्, समस्या समाधान गर्नका कुनै पनि नेताले सकेनन्, यस क्षेत्रका जनता सधैं भोट दिनेमात्रै भयौं ।'

बडिगाड गाउँपालिका-८ का निमबहादुर विकले दुर्गम गाउँमा विकास गर्ने नेता अहिलेसम्म नपाएको बताए । गाउँका नागरिकले आधारभूत सेवा पाउनबाट वञ्चित रहेको भन्दै चुनाव जितेपछि उनीहरूको समस्या बुझेर काम गर्ने नेताको आवश्यकता विकले सुनाए । धेरैको नजर सहर बजारमा मात्रै पर्दा धेरै दुर्गम बस्तीहरू ओझेलमै परेको उनको भनाइ छ ।

'सहर बजारमा त विकास भएको छ, तर गाउँमा भौगोलिक विकटतासँग विकासले ठगेको छ, धेरै नेतालाई जिताएर पठायौं, उनीहरूको नजर यो क्षेत्रमा परेन,' विकले भने, 'सही नेता छन्न नसक्नु हामी जनताको कमजोरी हो कि ?, सुरुमा त सबैले यो गर्छु, त्यो गर्छु भन्छन्, गर्लान् भन्ने त हुन्छ तर चुनावपछि नेता नै हराउँछन् ।' *रासस*

# निर्वाचनका लागि बागलुङमा चार हजार जनशक्ति खटाइने

**बागलुङ (प्रस)**– फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा बागलुङमा दुई हजारभन्दा बढी कर्मचारी परिचालन गरिने भएको छ । बागलुङमा निर्वाचन प्रहरी र नेपाल प्रहरी गरी दुई हजार नै सुरक्षाकर्मी परिचालन गर्ने तयारी भएको छ ।

निर्वाचनमा नेपाली सेना र सशस्त्र प्रहरी आवश्यकताका आधारमा खटिने तयारी भइरहेको छ । बागलुङमा कायम रहेको १०७ मतदानस्थल र २३० मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीहरू गरी दुई हजार ६० जना कर्मचारी खटाउने तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालय बागलुङले जनाएको छ ।

बागलुङमा २३० मतदान अधिकृत, २३० सहायक मतदान अधिकृतसँगै एउटा मतदान केन्द्रमा अन्य सात जनाका दरले एक हजार ६१० कर्मचारी परिचालन गरिने तयारी भएको निर्वाचन कार्यालय बागलुङका सूचना अधिकारी गोकुल शर्माले जानकारी दिए ।

निजामती कर्मचारीबाट मतदान अधिकृत र सहायक मतदान अधिकृतमा प्राथमिकता दिइएको र अपुग कर्मचारीलाई शिक्षकबाट ल्याउने तयारी गरिएको छ । बागलुङमा ६३७ नेपाल प्रहरी र एक हजार २९८ निर्वाचन प्रहरी परिचालन गरिने तयारी भएको बागलुङका प्रहरी उपरीक्षक तिलक भारतीले जानकारी दिए । उनले पहिलो घेरा र मतपेटिकाको सुरक्षामा नेपाल प्रहरी खटिने भए पनि बाहिरी घेरामा आवश्यकताका आधारमा सशस्त्र प्रहरी र नेपाली सेना समेत खटिने भारतीले जानकारी दिए । उनले सशस्त्र र नेपाली सेनाको संख्याको तथ्यांक सार्वजनिक गर्न नमिल्ने बताए ।

'मोबाइल टोली भन्ने प्रहरीको छुट्टै संयन्त्र हुन्छ जहाँ समस्या हुन्छ, त्यस स्थानमा तुरुन्तै पुग्छ । नेपाली सेना र सशस्त्र प्रहरी मतदान केन्द्रको बाहिर अलर्ट हुन्छ, जनताले निर्धक्क आफ्नो मत जाहेर गर्न सक्छन्,' भारतीले भने । बागलुङमा निर्वाचन र नेपाल प्रहरी गरी एक हजार ९३५ सुरक्षाकर्मी र दुई हजार ६० कर्मचारी गरी तीन हजार ९९५ जनशक्ति परिचालन गरिने भएको छ । जसमा नेपाली सेना र सशस्त्र प्रहरी बल अलग्गै खटिने छन् । बागलुङमा सुरक्षा संवेदनशीलता, मतदाताको संख्या घटबढ, तथा पायक पर्ने स्थानलगायत कारण एक मदतानस्थल थप गरेको र एक मतदान केन्द्र घटाएर १०७ मतदानस्थल र २३० मतदान केन्द्र कायम गरिएको हो । दुई मतदानस्थललाई स्थानान्तरण गरिएको छ ।

१० स्थानीय तह र दुई प्रतिनिधिसभा सदस्य रहेको कूल एक लाख ९३ हजार ३८१ जना मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन कार्यालय बागलुङका अनुसार ९४ हजार ८०६ पुरुष र ९८ हजार ५७४ महिला मतदाता रहेका छन् । यसपटक दुई प्रतिनिधिसभा सदस्यका लागि २३ जना चुनावी मैदानमा छन् ।

क्षेत्र नं. १ मा नेपाल मानवतावादी पार्टीका भक्तबहादुर विक, राष्ट्रिय प्रजातन्त्र पार्टीका कल्याण आचार्य, मंगोल नेसनल अर्गनाइजेसनकी गुमाकुमारी बुढा रानामगर, राष्ट्रिय स्वतन्त्र पार्टीका सुशील खड्का, नेकपा एमालेका हीराबहादुर केसी, प्रगतिशील लोकतान्त्रिक पार्टीका चित्रप्रसाद सापकोटा, नेपाली कांग्रेसका भीमबहादुर श्रीस राना चुनावी मैदानमा छन् ।

त्यसैगरी नेसनल रिपब्लिक नेपालका सहविर थापा, राष्ट्रिय जनमोर्चा पार्टीका कृष्णप्रसाद शर्मा अधिकारी, श्रम संस्कृति पार्टीका लालबहादुर घर्ती र नेकपा माओवादीका टेकबहादुर केसी मैदानमा छन् ।

क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसबाट टेकराज पौडेल, नेकपा एमालेबाट मञ्ज शर्मा चालिसे, नेपाली कम्युनिस्ट पार्टीबाट ज्ञामनाथ गैरे, राष्ट्रिय स्वतन्त पार्टीबाट सोम शर्मा, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता अञ्चल शाही, श्रम संस्कृति पार्टीका हर्कबहादुर पुन, नेकपा माओवादीका लोकेन्द्र घिमिरे मैदानमा छन् । प्रगतिशील लोकतान्त्रिक पार्टीका पदम कुँवर, नेपाल मानवतावादी पार्टीका टेकप्रसाद कामी, मंगोल नेसनल अर्गनाइजेसनबाट जुनबहादुर थापामगर, जनता समाजवादी पार्टीका पूर्णबहादुर घर्ती र नेसनल रिपब्लिक पार्टीका नरबहादुर बुढा चुनावी मैदानमा छन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/२२ गते**

यस कम्पनीको मिति २०८२/०९/१५ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **एस.एण्ड एस.ग्लोबल टेक्नीकल ट्रेनिङ इन्स्टिच्यूट** (दर्ता नं. १८३२०६) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१४ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **स्किल केयर नेपाल (प्रा.लि.नं. १८३२०६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/२२ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **क्रस बोर्डर मिडिया** (दर्ता नं. ३७२४६७) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१२ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **नेपाल ट्युब मिडिया (प्रा.लि.नं. ३७२४६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७५/०४/०९ मा दर्ता भएको प्रा.लि.नं. १९४०७८ को **मैदीकालिका निर्माण सेवा प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७९/०४/१२ मा दर्ता भएको प्रा.लि.नं. २९४७७८ को **साइरस रियलस्टेट ग्रुप प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/२२ गते**

यस कम्पनीको मिति २०८२/०८/०८ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **एस.डि.एन.टेक्नोलोजी** (दर्ता नं. २३१८३७) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/२८ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **टेकवेब ट्रेडिङ (प्रा.लि.नं. २३१८३७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरूले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | बिमालेख नं. | बीमितको नाम | ठेगाना | सम्पर्क |
|---|---|---|---|---|
| १. | PLI१५७०००१९२२ | जेनिस गोपाली | चित्लाङ-६,मकवानपुर | ९८४३९१६६२० |

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२२**

यस पटनादेवी सा.व.उ.स., तीनपाटन-०३ सिन्धुलीको घाटगद्दी गरि राखेको विभिन्न लटको साल जातको गोलिया थान १६१ को २२१५.९० क्यू.फि. गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री पटनादेवी सा.व.उ.स.**
**तीनपाटन गा.पा.- ०३, सिन्धुली**

**Tikapur Municipality**
**Office of The Municipal Executive**
**Tikapur, Kailali**
**Sudurpashchim Province, Nepal**

## Re-Invitation for Sealed Quotation

**Date of Publication : 2082/10/22 B.S. ( 5th Feb. 2026)**

1. Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/SQ/ 38/ROAD/ 2082/083 | Construction of Bitumineous Road (Way From Bichkapuruwa Chowk Prem Bhattarai's Home to South Dayaram's Home Through Bangaun Magar Tole's Nursery ward No.4 Jodne Road), Tikapur Municipality Ward No.1, Bangaun,Tikapur, Kailali. | 16,46,386.61 | 55,000.00 | 1000.00 |
| 2. | TMO/SQ/ 39/ROAD/ 2082/083 | Construction of Bitumineous Road (Way From United School's to Jayakrishna Neupane House Road and From Block No. 18 Adhuro Kalopatre Sadak to Airport Road) Tikapur Municipality Ward No.1, Block No. 18,Tikapur, Kailali. | 16,46,487.35 | 55,000.00 | 1000.00 |
| 3. | TMO/SQ/ 40/ROAD/ 2082/083 | Construction of Bitumineous Road (Way From Ward Office to Kamal Gaun through khakraulla bhansar jodne Road),Tikapur Municipality Ward No.8, Batanpur, Kailali. | 16,42,199.33 | 55,000.00 | 1000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** Or **Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.**
3. Interested bidders should submit only E-bid till **20th Feb. 2026 before 12:00 hrs**. through **PPMO e-GP System www.bolpatra.gov.np/egp.** No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali Office Account No.:- 10703000001001000001**
   **Revenue Heading No:- 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank:-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch..**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali. Office Account No.:- 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali (Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 75 days from the date of Bid Opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 20th Feb. 2026** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**

# प्रभाव दैनिक





## 'परान' प्रदर्शनको १०० दिन पूरा

फिल्म 'परान'ले प्रदर्शनको १०० दिन पूरा गर्न सफल भएको छ । बुधबारबाट फिल्मले प्रदर्शनको १०० दिन पुरा गरेको कलाकार केकी अधिकारीले बताएकी छन् । उनले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै फिल्मले १०० दिन मनाएकोमा सबै प्रति आभार समेत व्यक्त गरेकी छन् । गत कात्तिक १४ गतेबाट प्रदर्शनमा आएको फिल्म दीपक आचार्य 'काकु'ले निर्देशन गरेका हुन् । आचार्यको यो निर्देशनमा डेब्यु फिल्म हो । बाबुआमाले बुढेसकालमा सन्तानको साथ चाहने र सन्तानले आफ्नै आकांक्षाहरूलाई रोज्दा उत्पन्न हुने परिस्थितिलाई कथानको रूपमा उठाएको छ ।




बिहीबार, २२ माघ २०८२ (Thursday, 05 February 2026)


# 'आ बाट आमा' टिम पूर्वी नेपालमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही माघ १६ गतेबाट प्रदर्शनमा भइरहेको फिल्म 'आ बाट आमा'का मुख्य कलाकार नेपालको पुर्वका दर्शक भेट्न जाने भएका छन् । मंगलबार बिहानैदेखि इटहरी, धरान, विराटनगर, दमकका साथै बिर्तामोडका हलमा कलाकार टिम पुग्न लागेको हो ।

निर्देशक चन्द्र पन्तले फिल्मका मुख्य कलाकार पल शाह,बिपना थापा , उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल कलाकार सहितको टिम पुर्वका हलमा दर्शकसँग भेट्न जान लागेको बताए । हलमा आउने दर्शकसँग भेटेर प्रतिक्रिया लिने समेत जानकारी पन्तले दिए । शुक्रबारबाट हलमा लागेसँगै फिल्मका कलाकार पल शाह,विपना थापा,प्रदीप रावत,उषा उप्रेती,सिम्रन पन्त लगायत अन्य कलाकार हल भिजिटमा निस्किएका छन् । दर्शकले फिल्मको प्रशंसा गरिरहेका छन ।

अभिमन्यू निरवीद्वारा लिखित संवादमा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले सहकार्य गरेको यस फिल्मलाई आर्या इन्टरटेन्मेन्टको प्रस्तुतिमा निर्माण भएको हो । यस फिल्ममा विपना थापा,पल शाह,प्रदीप रावत,उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल,गजित बिष्ट,बेगम नेपाली लगायत कलाकारको मुख्य भूमिका रहेको छ ।

निर्देशक पन्तकै कथा तथा पटकथा रहेको यस फिल्ममा संगीत कोशिस क्षेत्री,बाबुल गिरी र थानेश्वर गौतमको छ । साथै फिल्मको गीतको भिडियोमा कोरियोग्राफी गंभीर बिष्ट र दिलिप ओखेडाको रहेको छ । नवराज उप्रेतीले खिचेको यस फिल्ममा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर,ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाको लगानी रहेको छ । यस फिल्मका कार्यकारी निर्माता करण सिंह रसाली हुन् ।

फिल्मको सम्पादन मिलन श्रेष्ठको हो भने ट्रेलर र टिजरको काम साहिल खानले गरेका छन् । फिल्मको वितरण आरआर फिल्म्सले गर्दैछ भने डिजिटल अधिकार ओएसआर डिजिटलको रहेको छ ।

## रंगशाला

### साफ महिला च्याम्पियनसिप

# फाइनलमा भारत र बंगलादेश

**कास्की (प्रस)–** घरेलु टोली नेपाल पोखरामा जारी १९ वर्ष मुनिको साफ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको लिग चरणबाटै बाहिरिएको छ ।

पोखरा रंगशालास्थित अन्तरराष्ट्रिय फुटबल रंगशालामा बुधबार लिग चरणको अन्तिम खेलमा बंगलादेशसँग ४-० गोलले पराजित भएसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको हो । नेपाललाई निरास पार्ने क्रममा बंगलादेशले खेलको पहिलो हाफमा दुई र दोस्रो हाफमा दुई गोल गर्न सफल भयो । बंगलादेशलाई जित दिलाउन अल्पी अक्तरले ह्याट्रिक गरिन् । खेल सुरु भएको तेस्रो मिनेटमै प्रोतिमा मुण्डाको गोलमार्फत अग्रता बनाएकामा पहिलो हाफको इन्जुरी समयमा अक्तरले अग्रता दोब्बर पारिन् ।

नेपाल पहिलो हाफमा दुई गोलले पछि परेपछि दोस्रो हाफमा खेलमा फर्कन संघर्ष गरिरहेको थियो । खेलको ६७औँ मिनेट र ८२ औँ मिनेटमा अख्तरले गोल गरेपछि बंगलादेश फाइनलमा पुग्न सफल भयो । लिगका तीनवटै खेल जितेर शीर्ष स्थानमा रहन सफल भएको बंगलादेशले अब प्रतियोगिताको उपाधिका लागि भारतसँग प्रतिस्पर्धा गर्नेछ ।

भारतले सम्पन्न लिगचरणको पहिलो खेलमा भुटानलाई ८-० गोलले हराएको थियो ।

पोखरा रंगशालास्थित अन्तरराष्ट्रिय फुटबल रंगशालामा भएको खेलमा प्रभावशाली जित दर्ता गर्ने क्रममा भारतले पहिलो हाफमा सात र दोस्रो हाफमा एक गोल गर्न सफल भयो । भारतकी पर्ल फर्नान्डेजले खेलमा ह्याट्रिक गर्न सफल भइन् । उनले खेलको छैटौँ, ३९औँ र ४१औँ मिनेटमा गोल गरेकी थिइन् । त्यसैगरी प्रतिका बर्मनले २५औँ र ९०औँ मिनेटमा गोल गरिन् । एलिशा लिङदोज, एविस्था र दिव्यानी लिन्डाले समान एक/एक गोल गरेका छन् ।

प्रतियोगितामा दुई जित र एक हार बेहोरेको भारत ६ अंक जोडेर फाइनल पुगेको हो । लिग चरणका शीर्ष दुई टोली भारत र बंगलादेशकाबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

# नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीका लागि नयाँ जर्सी

**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीका लागि बुधबार नयाँ जर्सी सार्वजनिक गरिएको छ । नेपाल क्रिकेट संघ क्यान) र एक्सट्रिम इनर्जी ड्रिंक्सबीच सम्पन्न दुई वर्षे सम्झौता अनुसार एक्सट्रिम इनर्जी ड्रिंक्सको लोगो अंकित नयाँ जर्सी सार्वजनिक गरिएको हो । कार्यक्रममा नेपाली राष्ट्रिय महिला टोलीका खेलाडी र क्यान पदाधिकारीको उपस्थितिमा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित मेहता र क्यानका सचिव पारस खड्काले नयाँ जर्सी सार्वजनिक गरेका हुन् ।

एक्सट्रिम इनर्जी ड्रिंक्सले विज्ञप्तिमार्फत नेपाली महिला क्रिकेटका लागि सहकार्य गर्ने जानकारी गराएको छ । 'जर्सी प्रायोजनमार्फत खेलाडीलाई प्रोत्साहन हुने आत्मविश्वास बढ्ने र व्यावसायिक वातावरण बन्ने अपेक्षा छ', विज्ञप्तिमा उल्लेख छ ।

सदस्य सचिव मेहताले खेलकुदमा निजी क्षेत्रको सहभागिताले महत्त्वपूर्ण योगदान पुगेको बताए । क्यानका सचिव पारस खड्काले नेपाली महिला क्रिकेटले केही समययता प्रभावशाली प्रदर्शनी गर्न थालेको बताउँदै यस्ता प्रायोजनले खेलाडीमा उत्साह बढ्ने बताए ।

कार्यक्रममा एक्सट्रिम इनर्जी ड्रिंक्सले भारतमा हुन गइरहेको पुरुष टि २० विश्वकपमा क्रिकेट हेर्न मुम्बई पुग्ने नेपाली दर्शकका लागि पनि दुई हजार थान जर्सी निःशुल्क वितरण गर्ने जानकारी दिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०५/१५ मा दर्ता भएको **प्रा. लि. नं. १३९३३०** को **पशुपति मोबाइल्स प्रा. लि.** नामक कम्पनीको यस कार्यालयको मिति २०८२/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२२**

**कर्तब्य फुड्स प्रा. लि.** को मिति २०८२/०८/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **फुड पार्क प्रा. लि. (दर्ता नं. २६२०७१)** कायम गर्ने गरी मिति २०८२/०८/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७५/०८/२४ मा दर्ता भएको **प्रा. लि. नं. २०४११६**को **सम्यक ट्रेडिङ्ग एण्ड मल्टीपर्पोज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०८/१० मा दर्ता भएको **चिलुवाल ईन्जिनियरिङ्ग प्रा. लि. (प्रा. लि. नं. २४८०४५/०७७/०७८)** लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/२१ गतेको विशेष बैठकले निर्णय गरेकाले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**

---

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**आयुर्वेद चिकित्सालय**
**नरदेवी, काठमाडौं**

**बिधुतिय बोलपत्र आह्वान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२२**

यस चिकित्सालयबाट आ.व. २०८२/८३ को लागि तपशिलमा उल्लेखित सामाग्रिहरु बोलपत्रको माध्यमबाट खिरिद गर्नु पर्ने भएको हुँदा लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(२) अनुसार बिधुतिय बोलपत्र आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| सि. नं. | विवरण | बोलपत्र नं. | बोलपत्र दस्तुर | बोलपत्र जमानत रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | The Procurement of Supply Delivery and Installation of Anesthesia Work Station, OT Table and OT Light. | NAHKTM/ G/NCB/ 03-2082/83 | ३०००/- | २,०१,०००/- | |
| २. | The Procurement of Supply Delivery and Installation of Necessary Toools and Equipment for Shalakya. | NAHKTM/ G/NCB/ 04-2082/83 | ३०००/- | ७१,०००/- | |

थप जानकारीको लागिः www.bolpatra.gov.np. Log in गर्नु होला ।

**अस्पताल प्रशासन**

---

**मल्टीपर्पस फाइनान्स लिमिटेड**
**Multipurpose Finance Ltd.**
कर्पोरेट कार्यालयः जनकपुरधाम ४, विधापति चौक, सम्पर्क नं. ०४१-५९११७०
Email: mfclfin43@gmail.com, website: www.multipurposefinance.com

**Letter of Intent (LOI)**

**Date of Publication: February 05, 2026**

This is to notify to all the concerned bidders about intention of awarding the following contract to the mentioned below bidder selected as the lowest evaluated substantially responsive bid fulfilling all the criteria.

